# 'हेछाकुप्पा' लोककथामा अभिव्यक्त लोकविश्वास

**बाबुराम ओझा**
उपप्राध्यापक, भोजपुर बहुमुखी क्याम्पस, भोजपुर
इमेल : brobjp@gmail.com
DOI: https://doi.org/ 10.3126/prajna.v126i1.86365

**लेखसार**

*प्रस्तुत लेख हेछाकुप्पा लोककथामा अभिव्यक्त लोकविश्वासको विश्लेषणमा केन्द्रित रहेको छ। हेछाकुप्पा किराँती धार्मिक संस्कृति, सामाजिक रहनसहन र लोकव्यवहारसँग सम्बन्धित किराँती समुदायमा प्रचलित लोककथा हो। यस कथामा किराँती समाजमा परम्परादेखि चलिआएका थुप्रै मान्यता र विश्वास अभिव्यक्त भएका छन्। लोकसमाजमा पुरातन समयदेखि चलिआएको मान्यता र विश्वासलाई लोकविश्वास भनिन्छ। यसमा आदिम समयदेखि प्रचलनको रूपमा रहेका आस्था र समाज सञ्चालन गर्ने लोकविचारको समुच्चय रहेको हुन्छ। प्रस्तुत लेख तयार पार्न प्राथमिक सामग्री क्षेत्रीय अध्ययन विधिबाट र सहयोगी द्वितीयक सामग्री पुस्तकालय कार्यबाट सङ्कलन गरिएको छ। सामग्री विश्लेषणका लागि मुख्यतः पाठविश्लेषण विधिको प्रयोग गरिएको छ। हेछाकुप्पा लोककथामा किराँती समाजका मृत्युसंस्कार, विवाहपद्धति, नाक्छोङको धार्मिक र सामाजिक योगदान, मुन्धुमको महफ्व र भूमिका तथा विभिन्न प्राकृतिक स्थल, वनस्पति आदिको उत्पत्ति र स्वाद जस्ता विषयमा रहेको लोकविचार र मान्यता अभिव्यक्त भएका छन्। किराँती समाजमा प्रचलनमा रहेका दर्जनौँ लोकविश्वासलाई कथावस्तु, पात्र र विचारका रूपमा प्रस्तुत गरिएको यो लोककथा लोकआस्था र मान्यताको अभिव्यक्तिका दृष्टिले सशक्त रहेको निष्कर्ष प्रस्तुत शोधलेखमा निकालिएको छ।*

**शब्दकुञ्जी :** छौवा, नाक्छोङ, माङ, मुन्धुम, रितभात।

## विषयपरिचय

*हेछाकुप्पा* किराँती धार्मिक संस्कार, सामाजिक परम्परा र लोकसमाजका गतिविधिसँग सम्बन्धित लोककथा हो। प्राचीन कालदेखि जातीय र भाषिक विविधतायुक्त मुलुक नेपालमा सभ्यताको सुरुवाती चरणदेखि बसोबास गर्ने विभिन्न आदिवासी जनजातिमध्ये किराँत पनि पर्दछ। नेपालको पूर्वी भागमा अवस्थित हालको कोशी प्रदेशको मध्यपहाडी क्षेत्रलाई किराँतीहरूको बसोबासको मुख्य क्षेत्र मानिन्छ। किराँतीहरूका आफ्नै संस्कृति, मूल्य तथा मान्यताहरू रहेका छन्। किराँतभित्र राई, लिम्बू, सुनुवार र याख्खा पर्दछन्। कृषि, पशुपालन तथा भारतीय र ब्रिटिस सेनामा

सेवा गर्नु किराँतीहरूका मुख्य पेसा मानिँदै आएकोमा हाल आएर राज्यका सबै क्षेत्रमा किराँतीहरूको सेवा र संलग्नता रहेको छ । मुन्धुममा विश्वास गर्नु, प्राचीनता एवम् ग्राम्यपनलाई स्वीकार गर्नु र आफ्ना धार्मिक तथा सांस्कृतिक मूल्यको संरक्षणमा लाग्नु किराँती समाजको विशेषता मानिन्छ ।

लोकरचित र लोकसमाजमा प्रचलित मानवीय व्यवहारको गद्यमय आख्यानात्मक अभिव्यक्तिलाई लोककथा भनिन्छ । यो लोकको व्यथा हो र आम मानिसको कथा पनि हो । लोककथा आदिम मानिसको जीवनभोगाइको त्यस्तो वस्तुसंयोजन हो, जसमा वनस्पति, पशुपक्षी, प्रकृति तथा मानवको सामूहिक अभिव्यक्ति हुन्छ । 'एकादेशमा भन्नासाथ लोकरञ्जनमा विमुग्ध मानिस राजकुमार, चरा, रुख, पशु वा बुढो मानव जो नायक भए पनि उसको नेतृत्व स्विकार्दछ । यस्ता लोककथामा शास्त्रीय र धार्मिक मान्यताहरू पनि लोकका सामूहिक मतका रूपमा चित्रित हुन्छन् । लोककथा विभिन्न जाति-समुदायका भाषामा रहेका हुन्छन् । *हेछाकुप्पा* किराँती समाजमा प्रचलनमा रहेको लोकप्रिय लोककथा हो । *हेछाकुप्पा* को कथा माँझकिराँतका राई समुदायमा प्रायः भन्ने र सुन्ने गरिन्छ । यस कथामा वन्यजन्तुको सिकार गर्ने सिकार युगबाट कृषि युगमा प्रवेश गरेको समाज र किराँती संस्कृतिका विविध विषययुक्त कथानक रहेको छ । यसको कथावस्तुमा मानवीय र अतिमानवीय पात्रका विविध गतिविधिहरू समेटिएका छन् र यसले किराँती लोकसंस्कृति र संस्कारजन्य कुरालाई चित्रण गरेको छ । यस कथामा किराँती समाजमा प्रचलनमा रहेको थुप्रै मान्यताहरू छन् । ती मान्यता आज पनि किराँती समाजमा विश्वास र परम्पराका रूपमा जीवित रहेका छन् ।

मानव समाजमा विगतका तथ्यबाट सत्य साबित गर्न प्रचलनमा रहेका मान्यता, विचार वा चिन्तनलाई नै लोकविश्वास भनिन्छ । परम्परादेखि नै स्वर्ग, मर्त्य र पातालमा हुने मानवीय तथा दैवी व्यवहार र सृष्टिका सबै गतिविधिसम्बन्धी लोकचिन्तन वा मान्यता मानव समाजमा रहेको हुन्छ । किराँती लोककथामा पनि यस्ता सामाजिक मान्यता लोकविश्वासका रूपमा अभिव्यक्त भएका छन् । किराँती समाजमा पुरातन अवस्थादेखि प्रचलनमा आएमा यस्ता विश्वासको आफ्नै पृष्ठभूमि रहेको छ । किराँती लोककथा र लोकविश्वासका विषयमा सुवेदी (२०५५), बन्धु (२०५८), लुइटेल ( २०६८), पराजुली (२०७१), राई (२०७५), ओझा (२०७६), चामलिङ (२०७७), पौड्याल (२०७८) आदिको अध्ययन रहेको छ । यी अध्ययन लोकविश्वासको सैद्धान्तिक पक्षमाथिको चर्चा र लोकविश्वासका आधारमा लोककथाको विश्लेषणसँग सम्बद्ध रहेका छन् । यी अध्ययन किराँती लोककथामा रहेको लोकविश्वासको खोजी गर्न सहयोगी रहे पनि यिनमा किराँती समुदायमा लोकप्रिय रहेको *हेछाकुप्पा* कथामा आधारित भएर यसमा अभिव्यक्त लोकविश्वासको विश्लेषण नगरिएको हुनाले यो विषय प्राज्ञिक दृष्टिले अध्ययनीय रहेको छ । अतः यस लेखमा किराँती समाजमा प्रचलनमा रहेको *हेछाकुप्पा* लोककथा र यसमा अभिव्यक्त किराँती समुदायमा संरक्षित लोकविश्वासको विश्लेषण गरिएको छ ।

## अध्ययनको विधि

'हेछाकुप्पा लोककथामा अभिव्यक्त लोकविश्वास' शीर्षकमा तयार पारिएको यस लेखमा *हेछाकुप्पा* लोककथामा किराँती समाजमा प्रचलित मान्यता र विश्वास के कसरी अभिव्यक्त भएका छन् ? भन्ने समस्यामा आधारित रही उक्त लोककथामा अभिव्यक्त लोकविश्वासको विश्लेषण गरिएको छ । यस लेखका लागि सामग्रीका रूपमा किराँती समाजमा रहेको *हेछाकुप्पा* लोककथा

क्षेत्रीय अध्ययन विधिबाट सङ्कलन गरिएको छ । कोशी प्रदेशअन्तर्गतको भोजपुर जिल्लाको भोजपुर नगरपालिका (साबिक आम्तेक गा.वि.स.) वडा नं ११ निवासी किराँती नाक्छोङ बखतबहादुर राई ( गिठ्ठे बिजुवालाई स्रोतव्यक्ति मानेर सङ्कलन गरिएको यस लोककथालाई विश्लेषणका लागि आधार सामग्रीका रूपमा लिइएको छ । यस कथाको सङ्कलन गर्दा सूचक व्यक्ति, कथाप्रस्तुतिको वातावरण र सूचकको जातिभाषिक पृष्ठभूमि र वाचनको शैलीलाई सकेसम्म जस्ताको तस्तै लिइएको छ । यस लेखमा विश्लेषणका लागि चयनित *हेछाकुप्पा* सोद्देश्य चयन हो । द्वितीयक सामग्रीका रूपमा लोककथा र किराँती लोककथा तथा लोकविश्वासका सैद्धान्तिक विषयमा विभिन्न विद्वान्ले लेखेका पुस्तक तथा लेखलाई पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएको छ ।

सङ्कलित सामग्रीलाई लोकविश्वाससम्बन्धी प्रचलित मान्यता र लोकविश्वासका प्रकारका आधारमा विश्लेषण गरिएको छ । *हेछाकुप्पा* लोककथालाई पाठ मानेर लोकविश्वासका मान्यताका आधारमा विश्लेषण गरी यहाँ अभिव्यक्त लोकविश्वासको खोजी गरिएको हुनाले यहाँ सामग्री विश्लेषण गर्न मुख्यतः पाठविश्लेषण विधि प्रयुक्त भएको छ । लेखका रूपमा सामग्री प्रस्तुतीकरण गर्दा यहाँ वर्णनात्मक विधि प्रयोग गरिएको छ । लोकविश्वास लोकसमाजमा आस्था, विचार र परम्पराका रूपमा निरन्तर प्रचलित विश्वास हो । लोकविश्वासलाई विभिन्न आधारमा वर्गीकरण गरिएको छ । उपाध्याय (सन् १९९१), सुवेदी (२०५५), पराजुली (२०७१), पौड्याल (२०५८) आदि विद्वान्ले गरेको यस्तो वर्गीकरणलाई समन्वित प्रयोग गर्दै यस लेखमा जातीय संस्कारसम्बन्धी लोकविश्वास, धार्मिक मान्यतासम्बन्धी लोकविश्वास, प्रकृति र वनस्पतिसम्बन्धी लोकविश्वास र पशुपक्षीसम्बन्धी तथा अन्य लोकविश्वास गरी चारवटा प्रकारलाई सूचक मानेर सामग्रीको विश्लेषण गरिएको छ । यहाँ किराँती समुदायमा प्रचलित सबै लोककथाका आधारमा नभई 'हेछाकुप्पा' लोककथामा रहेका लोकविश्वासलाई मात्र विश्लेषण गरिएको छ । सामग्रीको विश्लेषण गर्दा किराँती समुदायको जातीय सांस्कृतिक पृष्ठभूमिका सापेक्षमा उल्लिखित लोकविश्वासका प्रकारका आधारमा किराँती समुदायमा प्रचलित धार्मिक मान्यता, सांस्कृतिक गतिविधि र सामाजिक विश्वासको विश्लेषण गरिएको छ र यस्तो लोकविश्वासलाई विषयवस्तु, पात्र र विचारका तहमा राखेर विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक आधार

लोकविश्वास 'लोक' र 'विश्वास' दुई शब्दको मेलबाट बनेको छ । यहाँ 'लोक' को अर्थ 'संसार' र 'विश्वास'को अर्थ 'आस्था' हुन्छ । त्यसैले लोकको आस्था वा निष्ठा नै लोकविश्वास हो । लोकमा प्रचलित धारणा तथा आस्थालाई लोकविश्वास भनिन्छ (लुइटेल, २०६८, पृ. २२) । लोकविश्वास लोकवार्ताको अभिन्न अङ्ग हो । समाजमा प्राचीन कालदेखि निरन्तर रूपमा चलनचल्तीमा रहेका आम रूपमा मानिआएका मान्यता वा विश्वासलाई नै लोकविश्वास भनिन्छ । वास्तवमा लोकसमुदायले मानसिक तहदेखि नै आस्था र श्रद्धाका साथ स्वीकार गरेका भावनात्मक विश्वास लोकविश्वासअन्तर्गत पर्दछन् (पराजुली, २०७१, पृ. १६५) । "लोकविश्वासभित्र विश्वब्रह्माण्ड, प्रकृति, पशुपक्षी, रुखपात, दिन, महिना, स्वप्न, शकुन आदि बारेका लोकप्रचलित विश्वासहरू र भूत, प्रेत, डाकिनी, बोक्सी, जादु, धामी, झाँक्री आदि जनविश्वास र तिनीहरूसँग सम्बन्धित रहेका लोकव्यवहारहरू समेटिन्छन् (बन्धु, २०५८, पृ. १५) । लोकविश्वास परम्परादेखि चलिआएको र समग्र लोकले विश्वासका रूपमा लिएका रीतिरिवाज, चालचलन, मूल्य-मान्यता,

व्यवहार र चिन्तन आदि हुन् । जसलाई लोकले दृढताका साथ आफ्नो बनाएको हुन्छ । समाजमा आम रूपमा रहेका लोकविश्वासले सामाजिक नियम तय गर्न र समाजको सञ्चालन गर्न भूमिका खेलेको हुन्छ । लोकविश्वास आफ्नो समाजमा परम्परादेखि पत्यार गर्दै-मानिँदै आएको चालचलन, रीतिरिवाज वा कामकुरो आदिप्रति हुने दृढ आस्था एवम् पत्यार हो (सुवेदी, २०५५, पृ. १९) । यसरी हेर्दा लोकमा मानिआएका सबै मान्यताको आस्थाको समग्रतालाई लोकविश्वास मान्न सकिन्छ । यस्ता विश्वासले नै समाजका दैनिक गतिविधि सुचारु भएका हुन्छन् ।

लोकविश्वासको परम्परा अत्यन्त प्राचीन रहेको छ । प्राकृतिक विपत्ति आउँदा मानिसलाई आफ्नो जीवन कसरी जोगाउने भन्ने चिन्तापश्चात् नै यस्ता प्राकृतिक विपत्ति दैवी शक्तिका कारणले भएको हो भन्ने कुरामा विश्वास भएपछि कालान्तरमा यसले लोकविश्वासको रूप धारण गरेको हो ( उपाध्याय, सन् १९९१, पृ. १) । यसका आधारमा हेर्दा लोकविश्वासको इतिहास मानवजीवन जति नै प्राचीन रहेको पाइन्छ । मानिसले यस धर्तीमा जन्म लिएपछि उसलाई अनेकौँ प्राकृतिक दृश्य देख्ने अवसर मिलेपछि र तिनका विभिन्न रूपदेखि बँच्ने सोचको विकाससँगै लोकविश्वासको पनि प्रारम्भ भएको हो (कटवाल, २०७७, पृ. १३) । मानव सभ्यताको प्रारम्भिक अवस्थादेखि नै मानिसले दैनिक जीवन सञ्चालनको आधार र जीवन संरक्षणको गुरुमन्त्रका रूपमा लोकविश्वासलाई मानेर आएको देखिन्छ ।

मानव समाजमा प्रचलनमा रहेका यस्ता लोकविश्वासलाई आकाश, सृष्टि, पशुपक्षी तथा मानवीय कार्यका आधारमा लोकविश्वासलाई विभिन्न प्रकारमा वर्गीकरण गरिएको पाइन्छ । लोकविश्वासलाई उपाध्याय (सन् १९९१), सुवेदी (२०५५), पराजुली (२०७१), पौड्याल (२०५८) आदि विद्वान्ले विभिन्न प्रकारका वर्गीकरण गरेको पाइएको छ । लोकविश्वासको प्रकार विभाजन र सङ्ख्याका विषयमा विद्वान्हरूबिच मतभिन्नता पाइन्छ । सबै विद्वान्का वर्गीकरणमा प्रायः साझा र केही भिन्न प्रकारहरू रहेको पाइएको छ । यी वर्गीकरणअनुसारका लोकविश्वासका प्रकारहरूमध्ये जातीय संस्कारसम्बन्धी लोकविश्वास, धार्मिक मान्यतासम्बन्धी लोकविश्वास, प्रकृति र वनस्पतिसम्बन्धी लोकविश्वास र पशुपक्षीसम्बन्धी तथा अन्य लोकविश्वास गरी चारवटा प्रकारहरू यहाँ सामग्री विश्लेषणका लागि प्रयुक्त रहेका छन् ।

## विमर्श र नतिजा

किराँती समुदायमा प्रचलित *हेछाकुप्पा* कथामा रहेका लोकविश्वास किराँती समाजमा आज पनि लोकमान्यताका रूपमा रहेका पाइन्छन् । नेपाली समाजको निर्मिति लोकप्रचलित मान्यताहरूको घेराभित्र रहेको छ । लोकविश्वासले कुनै पनि समुदाय, समाज तथा राष्ट्रको मौलिक पहिचान बचाइराखेको हुन्छ । हाम्रो लोकसमाजमा जन्मदेखि मृत्युसम्मका विभिन्न लोकविश्वासहरू प्रचलित छन् । त्यसैले आजसम्म नेपाली समाजमा लोकविश्वासको प्रभाव दर्बिलो रहेको छ । किराँती समुदायमा रहेको *हेछाकुप्पा* कथालाई यहाँ लोकविश्वासका आधारमा विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा जातीय संस्कार, धार्मिक मान्यता, प्रकृति र वनस्पति तथा पशुपक्षीसम्बन्धी र अन्य लोकविश्वास गरी चारओटा सूचकका आधारमा गरिएको छ ।

### जातीय संस्कारसम्बन्धी लोकविश्वास

नेपाल बहुजातीय मुलुक भएको हुनाले जातिगत रूपमा फरक-फरक जातिका आफ्नै संस्कारजन्य परम्परा रहेका हुन्छन् । संस्कार भनेको कुनै पनि पदार्थलाई शुद्धीकरण गर्ने विधिविशेष पनि हो । यसै अनुरूप किराँतीहरूको पनि जातिगत रूपमा प्रचलित संस्कारहरू रहेका छन् । *हेछाकुप्पा* लोककथामा किराँती समाजमा हुने थुप्रै जातीय संस्कारसम्बन्धी मान्यताहरू चित्रित छन् । यस कथामा रहेका जातीय संस्कारजन्य प्रचलन र मान्यतालाई तलको उदाहरणद्वारा स्पष्ट पारिएको छ :

> हेछाकुप्पाले मामालाई आफ्ना कुरा सबै फलाफली कह्यो । घर बनाउने थाम हाल्ने दुलोमा छोरो पसेर मरेको थेछ भन्यो । मामाले "रित नपुऱ्याई विवाह गरेछौ भान्जा । त्यसैले यस्तो अपशकुन भयो" भने । मामाको कुरा उसलाई चित्त बुझ्यो । नाक्छोडले पनि त्यही कुरो भनेको थियो । कुराले भेट खायो । हेछाकुप्पा र रिनाह्वाले रितपूर्वक फेरि बिहा गरे । किराँती समाजमा जसरी लगे पनि रितभात गरेर विवाह गरेपछि सबै सबै कुराको हक हुने चलन त्यसै बेलादेखि चलेको भनेर बुढापाकाले कथा गरेको छ । हेछाकुप्पाले आफ्नो बिहेमा दिदीहरू तायामा र खियामालाई खोज्न भनेर भालेलाई पठायो । भालेले नेवाला डाँडामा गएर बोलायो । भोटमा चरा बनेको तायामाले सुन्यो । मधेसमा चरा बनेको खियामाले पनि सुन्यो । चरा बनेका दिदीहरू भालेसँगै आए । चरा बनेको हुनाले घरमा पस्न मानेनन् । हेछाकुप्पाले उनीहरूलाई राम्रो गुँड बनाइदियो । दिदीहरू त्यहीँ बसे । त्यसैबेलादेखि बिहेमा चेलीहरूलाई मान गर्न थालेको हो भनेर बाउबाजेले कथा गरेको सुनेको हो । (स्रोत व्यक्ति : बखतबहादुर राई, भोजपुर)

माथिको उदाहरणमा किराँती समाजमा हुने विवाहको चलन र यसमा रहेको संस्कार देखिन्छ । किराँती समाज विवाहका लागि खुला रहेको छ तर जातीय विधानबमोजिम भने रितपूर्वक विवाह सम्पन्न गर्नुपर्ने हुन्छ । किराँती समुदायमा सबै संस्कारको विधिविधान मुन्धुममा रहेको मानिन्छ (सुवेदी, सन् २०२२, पृ. २४४) । किराँती समुदायमा विवाहमा रित पुऱ्याउनुपर्ने विश्वास रहिआएको छ र रित नपुगेमा केही न केही बिघुचो हुन्छ भन्ने गरिन्छ । आज पनि भागी विवाह गरेको लामो समयपछि वा छोराछोरी ठुला भइसकेपछि पनि किराँती जातिमा पहिले विवाह नगरेको भए विधिपूर्वक विवाह सम्पन्न गर्ने प्रचलन पाइन्छ । हेछाकुप्पाले रिनाह्वालाई मन पराएर विवाह गरे पनि कुनै संस्कार र रितभात पूरा नगरेर सन्तान जन्माएको हुनाले उसलाई अनिष्ट भएर उनीहरूको छोरो बालक अवस्थामै मरेको छ । यहाँ रित नपुऱ्याएको भनेर नाक्छोङ् र मामा दुवैले भनेका छन् । रितपूर्वक विवाह गरे सुम्बेफाब्बे हुने किराँती लोकमान्यता विचारका रूपमा यहाँ रहेको देखिन्छ ।

हेछाकुप्पाको समयदेखि किराँती समाजमा हुने विवाहका लागि मामा खाललाई सोध्नुपर्ने प्रचलन सुरु भएको मानिन्छ । आज पनि किराँती समाजमा मावलीलाई विवाहका बारेमा सल्लाह लिनुपर्छ र यदि मावली परिवारलाई थाहा नदिएर विवाह गरेमा र मावलीलाई नबोलाए मावलीहरू रिसाउने गर्छन् । यसरी मावलीलाई शिर मानेर उनीहरूसँग सल्लाह लिनुपर्छ भन्ने किराँती समाजमा रहेको लोकविश्वास यस कथामा पाइन्छ ।

किराँत जातिमा बच्चा जन्मेदेखि मृत्युसम्मको संस्कार गर्दा जाँडरक्सी अनिवार्य रूपमा चाहिन्छ । यसरी संस्कार अनुष्ठानका लागि मात्र नभएर हरेक सामूहिक कार्यका लागि समेत राई संस्कृतिमा अनिवार्य रूपमा नभई नहुने जाँडरक्सीको ठुलो महत्त्व रहेको छ (राई, २०७५, पृ. ५०३)

यस लोककथामा जस्तो आज पनि किराँतीहरूको घरमा घ्याम्पोभरि जाँड राखिएको हुन्छ । घरमा जाँड हुनु सम्पन्नताको पहिचायक मान्ने विश्वास किराँतीहरूमा रहेको छ । जसका घरमा जाँड हुँदैन, त्यसलाई दरिद्रताको रूपमा हेरिन्छ । तलको उदाहरणमा जातीय रूपमा किराँतीहरूको घरमा जाँडरक्सी हरदम भइरहनुपर्ने र अतिथिको स्वागत गर्ने जाँडरक्सीको अनिवार्यतासम्बन्धी लोकविश्वास अभिव्यक्त भएको छ :

> अनि हेछाकुप्पा र रिनाह्वाको रित गरिवरी बिहा भयो । पाहुनाहरूले अघाइन्जेल जाँडरक्सी, मासु र अरू परिकार खाए र हेछाकुप्पा र रिनाह्वा जोइपोइलाई राम्रो आसिक दिए । त्यसपछि रिनाह्वाले घरमा याम्पोमा भरी जाँड बनाएर राख्थ्यो । हेछाकुप्पा सिकारमा जान्थ्यो । घरमा आएको पाहुनापाछालाई जाँड र सिकार दिन्थ्यो ।। (स्रोत व्यक्ति : बखतबहादुर राई, भोजपुर)

माथिको उदाहरणमा किराँती समुदायमा जाँडरक्सी पार्नुपर्ने र आएका पाहुनालाई जाँडरक्सी र मासु खुवाउनुपर्ने मान्यता रहेको छ । आज पनि किराँती समाजमा पाहुनालाई लुकाएर खाने वा अघाउन्जेल खान नदिए आफूलाई अनिष्ट हुन्छ भन्ने मान्यता रहेको छ । किराँती समुदायमा प्रचलनमा रहेको 'माछाकोम्मा' कथाले पनि किराँतीहरूको छौवा गर्ने र पाहुनाहरू बोलाएर अतिथिसत्कार गर्ने प्रचलनलाई देखाइएको छ । त्यस कथामा छौवा गर्दा हुँदै नभएको माङ निकाल्ने, माङ पुजेको कुखुराको मासु पाहुनाले खान नहुने र परिवारका सदस्यले सो मासु खाँदा पाहुनाले आँखा चिम्लिनुपर्ने भन्ने स्वार्थकेन्द्रित नियम बनाएका कारण उपस्थित भएकामध्ये वृद्ध पाहुनाले श्राप दिएर परिवारमा आँखा दुख्ने बिमार लागेको हुनाले पाहुनालाई छल गर्नु नहुने र उनीहरूलाई तृप्त पार्नुपर्ने किराँती विश्वास त्यहाँ पनि देखिन्छ (ओझा, २०७६, पृ. १०५) । यसरी माथिको उदाहरणमा किराँती समुदायमा जाँडरक्सीलाई सम्पन्नताको प्रतीक मान्ने मान्यता र निम्ता गरिएका पाहुनालाई छेलोखेलो पारेर खानपिन गराउनुपर्ने जातीय मान्यता विचारका रूपमा अभिव्यक्त भएको छ ।

किराँत जातिमा मृत्युसम्बन्धी पनि आफ्नै प्रकारका प्रचलन र मान्यता रहेको पाइन्छ । चिहान बनाएर राख्ने (गाड्ने), चिहानमा हतियार राखिदिने र मृत्युसंस्कारका लागि केरा र यसको पात आवश्यक हुने प्रचलन किराँतहरूमा रहेको छ । तलको उदाहरणले किराँती समाजमा रहेको मृत्युसँग सम्बद्ध मान्यतालाई प्रस्तुत गरेको छ :

> हेछाकुप्पाले पाक्यो कि भनेर अँगेनाबाट बुचुकुलुक निकाल्दा लोहोरो देख्यो । त्यही बुचुकुलुकको पानीले पोलेर बेहोस भएको थियो । बेलुका दिदीहरू घरमा आए । दिदीहरूले एउटा केराबाहेक केही पाएनन् । घरमा भाइ मरेको देखे । दिदीबैनीले बिलौना गरे । उनीहरूले चिहान बनाएर चिहानमा लगेर भाइलाई केराले छोपिदिए र केरा र कर्दो राखिदिए र नेवालाकङ्कलातिर गए । त्यही बेलादेखि किराँतीको चिहानमा कर्दो राख्नु थालेको थेछ । (स्रोत व्यक्ति : बखतबहादुर राई, भोजपुर)

माथिको उदाहरणमा भाइ मरेको ठानी केरा र कर्द राखिदिएर दिदीहरूले छोडेर हिँडेका छन् । हेछाकुप्पा त्यही केरा र कर्दोका कारणले बाँचेर घरबार गरिवरी लामो समयसम्म पृथ्वीमा रहेको हुनाले किराँती समाजमा चिहानमा आज पनि कर्दो (कर्द) राखिदिने प्रचलन रहेको छ । तायामा र खियामा केराकै कारणले भाइ बाँचेको देखेर खुसी भएको कुरालाई लिएर किराँती समाजमा आज पनि केराको प्रयोग गरिने गरेको र कुनै पनि कार्य गर्दा केराको पात आज पनि

आवश्यक हुन्छ भन्ने मान्यता रही आएको भन्ने ढकाल र अन्य (२०७४, पृ. ३६) को भनाइले यही कुरालाई पुष्टि गर्छ ।

**धार्मिक मान्यतासम्बन्धी लोकविश्वास**

किराँती समाजमा आफ्नै मौलिक प्रकारका धार्मिक मान्यताहरू रहेका छन् । यी धार्मिक मान्यताहरू किराँती मौखिक वेद मानिएको मुन्धुममा आधारित रहेका छन् । किराँती समाजमा प्रचलित लोककथालाई मुन्धुमी र गैरमुन्धुमी भनेर विभाजन गरिएको र मुन्धुमी लोककथा भनेर सृष्टि, प्रकृति र जीवनसँग सम्बन्धित कथालाई भनिएको छ (चामलिङ, २०७७, पृ. १८) । *हेछाकुप्पा* लोककथामा मुन्धुम र यससँग सम्बन्धित विभिन्न धार्मिक मान्यताहरू रहेका छन् । यस कथामा रहेका धार्मिक मूल्य तथा मान्यतासम्बन्धी विचार र आस्थालाई तलको उदाहरणद्वारा स्पष्ट पारिएको छ :

> टोड्काबाट तायामाले बहिनीको सबै हाडखोरहरू भेला पारेर लग्यो । कंकला डाँडामा गएर हाडलाई तेलमा भिजायो र बाँसको ढुङ्ग्रोमा राख्यो । तायामाले मुन्धुम गाउँदैगाउँदै तान बुन्न थाल्यो । तानमा बैनीको अनुहार बनाइसक्दा हङ्ग्रायो चराले खाएको बैनी बौरियो । ( स्रोत व्यक्ति : बखतबहादुर राई, भोजपुर)

माथिको उदाहरणमा मुन्धुमको शक्तिसम्बन्धी मान्यता रहेको छ। किराँती समाजमा मुन्धुमलाई सबै प्रकारको विघ्नबाधा नाशकका रूपमा लिइन्छ । किराँतहरूको लौकिक र अलिखित अनि श्रुतिपरम्परामा आश्रित रहेको वेद नै मुन्धुम हो र यो सबै किराँती संस्कृतिको उद्‌गम आदिग्रन्थ हो । यसैका आधार र नाक्छोडको निर्देशन तथा सहजीकरणमा किराँती समाजमा थुप्रै सांस्कृतिक मूल्यसम्बद्ध धार्मिक क्रियाकलापहरू सम्पन्न गरिन्छन् (राई, २०७५, पृ. ५०७) । धार्मिक कार्यमा मात्र होइन, जुनसुकै अप्ठ्यारो परिस्थितिमा मुन्धुम गाउने प्रचलन रहेको छ। कथामा तायामाले होङ्ग्रायो चराले खाएकी आफ्नी बहिनीलाई सम्झेर उनका नाममा मुन्धुम पढ्दा बहिनी मृत्युबाट ब्युँतिएकी छे । आज पनि किराँती समुदायमा मृत्युसंस्कारमा मुन्धुम गाउने चलन रहेको छ ।

किराँती समाजमा नाक्छोड (राई समुदायमा नाक्छोड भनिन्छ भने लिम्बूमा फेदाङ्वा र अन्यमा आआफ्नै नाम भए पनि कार्य भने समान रहेको छ) लाई मुन्धुमको संरक्षक एवम् भूत र भविष्यद्रष्टाका रूपमा लिइन्छ । नाक्छोडमा मुन्धुमको सही प्रयोग गर्ने क्षमता र धार्मिक कार्य तथा तन्त्रमन्त्र दुवै कुरामा दक्षता रहेको हुन्छ । तलको उदाहरणले नाक्छोडको सामाजिक भूमिका र उसले भूतको सबै कुरा थाहा पाउने हुनाले केही अनिष्ट र विघ्न आइपर्दा उसैलाई हेराउने प्रचलनलाई देखाएको छ :

> हेछाकुप्पाले घर बनाउने भयो । आफूले जग खन्यो र रिनाह्वालाई थाम काटेर ल्याउनु अह्रायो । कस्तो ल्याऊँ ? भन्दा माछाको पुच्छर जस्तो ल्याउनू भन्यो । रिनाह्वाले ल्याएको थाम गाड्न खोज्दा दुलोमा पसेन । के भो भनेर दुलोमा हेर्दा आफ्नै छोरो पसेर मरेको थेछ । यस्तो अपशकुन किन भयो भनेर नाक्छोडलाई सोध्यो । नाक्छोड्ले मुन्धुम पढेर रितले बिहा नगरी बच्चा जन्माएर यस्तो भएको हो भन्यो । (स्रोत व्यक्ति : बखतबहादुर राई, भोजपुर)

माथिको उदाहरणमा नाक्छोङले मन्त्र पढेर विचार गरेपछि रिनाह्वा र हेछाकुप्पाको विवाह रित नभएको र त्यसैका कारण अनिष्ट भएको कुरा पत्ता लगाएको छ । लोकसमाजका मानिसमा रहेको कुनै विषयको धारणा, प्रचलन र आस्थासँग सम्बद्ध विषयलाई लोकविश्वास मानिन्छ (लुइटेल, २०६८, पृ. २२) । यहाँ तन्त्रमन्त्रद्वारा भूत र भविष्य जान्ने मानिसका रूपमा नाक्छोङलाई मान्ने किराँती समाजको धारणा र प्रचलन अभिव्यक्त भएको छ । मुन्धुम किराँतको धर्मशास्त्र, ज्ञानशास्त्र, दर्शनशास्त्र र इतिहास भएको हुनाले यसलाई धार्मिक, सांस्कृतिक र आध्यात्मिक जीवनको आधार मानिन्छ । (सेन्दाङ, २०८१, पृ. ८६) । किराँती समाजमा आज पनि नाक्छोङले धार्मिक कार्य र अन्य समस्या परेका बखतमा विशेष शक्ति र विद्याको प्रयोग गरेर सहयोग गर्छन् । त्यो सबै ज्ञान मुन्धुममा सुरक्षित रहेको भन्ने नाक्छोङसम्बन्धी मान्यता यहाँ पात्रका रूपमा रहेको छ । किराँती समाजमा मौखिक वाङ्मयका रूपमा संरक्षित मुन्धुम 'थुतुरी' वेद वा मौखिक वेद मानिन्छ । यसलाई नाक्छोङले विभिन्न समयमा वाचन गरेर सुनाउने गर्छन् । सृष्टिदर्शन तथा संस्कारको विधिविधान यही मुन्धुममा रहेको (सुवेदी, सन् २०२२, पृ. २४४) र यसको प्रयोग गर्ने पात्र भएका कारण पनि किराँती समाजमा नाक्छोङको मुख्य भूमिका रहेको छ ।

**प्रकृति र वनस्पतिसम्बन्धी लोकविश्वास**

किराँती समाजमा प्राकृतिक वातावरण तथा वनस्पतिको उत्पत्ति र यसका आकारप्रकार तथा स्वादसम्बन्धी लोकमान्यता पनि प्रचलनमा रहेका हुन्छन् । *हेछाकुप्पा* लोककथामा यस्ता प्राकृतिक वस्तु आदिसम्बन्धी मान्यता पनि पाइन्छन् । यहाँ रहेका प्राकृतिक स्थल, वस्तु, नदी तथा बोटविरुवा विषयका आस्थालाई तलको उदाहरणद्वारा स्पष्ट पारिएको छ :

> पातेसुङ पनि भिरबाट लडेर मरेपछि दुई दिदी र हेछाकुप्पा मात्र घरमा रहन थाले । घरमा दिदीहरू र उनीहरूको भाइ मात्र देखेर राक्षस्नी चाक्लुङधिमाले उनीहरूलाई पालैपालो खाने विचारले पहिले खेतबारीको अन्न खायो । त्यसपछि बनको फलफूल र कन्दमुल सबै खायो र तरुललाई पनि पातालमा भसाइदियो । त्यस बेलासम्म तरुल जमिनमै पाउँथ्यो । यसो भए पछि उनीहरूले खाने गिठ्ठा र भ्याकुर पनि तितो बनाइदियो । उनीहरूले अब सल्लाको महजस्तो खोटो खान थाले । राक्षस्नीले खोटो पनि खान नमिल्ने र तितो बनाइदियो । (स्रोत व्यक्ति : बखतबहादुर राई, भोजपुर)

माथिको उदाहरणमा राक्षस्नीले वनको कन्दमूल सबै खाएको हुनाले त्यसै बेलादेखि वनमा सकिएको हुनाले आजभोलि पनि वनमा कुनै कुनै कन्दमूल मात्र पाइन्छ भन्ने मान्यता किराँती समाजमा आजसम्म रहेको छ । यसबाहेक जमिनमा नजिकै खन्दा पाइने तरुल राक्षस्नीका कारणमा पातालमा भासिएको र आज पनि पातालमा वा गरिराइमा रहेको, मिठा र स्वादिला गिट्ठा, भ्याकुर र सल्लाको खोटा तिता र खान नहुने भएका हुन् भन्ने विश्वास यहाँ कथावस्तुका रूपमा रहेको छ ।

किराँतहरू प्रकृतिको पूजा गर्छन् । उनीहरू पूर्वी पहाडका प्रायः सबै नदीसँग गाँसिएका एकेक मान्यता रहेका छन् । यस लोककथामा सुनकोशी नदी र यसको महत्त्व तथा नेवालाकङ्कला डाँडा, रावा र तावा खोलाका विषयमा रहेका विश्वास रहेको देखिन्छ । तलका उदाहरणबाट कथामा रहेका यस्ता प्राकृतिक वस्तु तथा नदीसम्बन्धी मान्यतालाई देखाइएको छ :

अन्डा फुटाएर फ्याँकेको हुनाले सुनकोशी नदी बन्यो र राक्षस्नी नदीपारि भई । त्यहाँ पनि हेछाकुप्पाले जिस्क्याइरह्यो । राक्षस्नी रिसको आवेगमा हेछाकुप्पालाई खान सुनकोशीमा हामफाली र उसलाई सुनकोशी नदीले बगायो । त्यसै समयदेखि सुनकोशीको पूजा गर्ने चलन चलेको हो रे ।

....

तायामा उडेर हिमालमा गएर युच्छुबुङ फूल बन्यो अनि बैनी गोआबुङ फूल बन्यो । दशैँछेका (असोजतिर) को लाम्कुचेङपा झरीको बेलामा खोलामा बाढी आउँछ । त्यही बेला युच्छुबुङ फूलको बिउ मधेसमा बैनी भेट्न जान्छ रे । त्यही बेला रावा र तावा खोलामा बर्खाको सकिँदो भेल बग्छ भन्छ । अहिले पनि किराँतीले बर्खा सकिने बेलाको झरीलाई लाम्कुचेङ्पा भन्ने गरेको छ । (स्रोत व्यक्ति : बखतबहादुर राई, भोजपुर)

माथिको पहिलो उदाहरणमा हेछाकुप्पाले राक्षस्नीलाई खेद्ने क्रममा अण्डा फुटाएर फ्याँक्दा सुनकोशी नदी बनेको प्रसङ्ग रहेको छ । लोकमा प्रचलित मान्यता र समयअनुसार जीवनका विविध पक्षमा जोडिँदै आएको विश्वास व्यावहारिक संस्कृतिको सन्दर्भ हो (पौड्याल, २०७८, पृ. ३१) । हेछाकुप्पाले बनाएको हुनाले सुनकोशी नदीको पूजा गर्ने चलन आज पनि रहेको र सुनकोशी नदीलाई विघ्न नाश गर्ने नदीका रूपमा हेर्ने चलन रहेको छ । यसरी सुनकोशी नदीको पूजा किराँती समाजमा व्यावहारिक संस्कृतिका रूपमा रहेको छ । दोस्रो उदाहरणमा रावा र तावा खोवामा आखिरी भेल बग्ने कुरालाई लिएर तायामा र खियामाको भेट गराउने विश्वास यहाँ देखिन्छ । रावा र तावा खोलामा बेस्सरी भेल आउने गरिको लाम्कुचेङ्पा झरी परेपछि हिउँद लाग्छ र झरी थामिन्छ भन्ने विचार यस कथामा रहेको छ र यो अद्यतकको लोकपात्रसम्बन्धी किराँती समाजमा प्रचलित विश्वास पनि हो ।

### पशुपक्षीसम्बन्धी र अन्य लोकविश्वास

*हेछाकुप्पा* कथामा चरा, बाँदर र वन्यजन्तुको उत्पत्तिसम्बन्धी तथ्य पनि पाइन्छ । तायामा र खियामाले स्वेच्छाले चरा र फूलको जुनी भएर समय बिताएका छन् । यहाँ मानिसबाहेकको विभिन्न जुनीसम्बन्धी आस्था पनि रहेको छ । यहाँ होङ्ग्रायो चराले खियामालाई खाइदिएको छ र उसको दाँतमा खियामाको केश अड्केको तायामाले देखेकी हुनाले यस चरालाई यहाँ मांसाहारीका रूपमा लिइएको छ । आज पनि यस चराले सबै प्रकारका मासु खान्छ भन्ने मान्यता रहिआएको छ । कथामा रहेका पशुपक्षीसम्बन्धी लोकविश्वासलाई तलका उदाहरणमा देख्न सकिन्छ :

मावलीमा हेछाकुप्पाले चाक्लुङधिमा राक्षस्नी नोकर बनेर बसेको देखेर “यो राक्षस्नी हो” भनेर मामालाई भनो । मावलीले राक्षस्नीलाई खाजा दिएर बिदा गरे । बाटामा खाजाको पोको खोल्दा बाघ, भालु आदि बनेर राक्षस्नीलाई खाए । त्यसपछि पृथ्वीमा राक्षस मासियो, राक्षसका रूपमा जन्तु मात्र बाँकी रहे । राक्षस्नीको रगतबाट भुसुना, किरा, लामखुट्टे बने र त्यसपछि यिनले मानिसको रगत खान थाले । (स्रोत व्यक्ति : बखतबहादुर राई, भोजपुर)

माथिको उदाहरणमा राक्षस्नीलाई मार्नका लागि दिइएको खाजाको पोको खोल्दा वन्यजन्तुहरू निस्किएर त्यस राक्षस्नीलाई खाएको र त्यसपछि पृथ्वीमा राक्षस नरहेको विश्वास देखिन्छ । यसै गरी यहाँ भुसुना, किरा र लामखुट्टेको उत्पत्ति त्यही राक्षस्नीको रगतबाट भएको

भन्ने किराँती समाजको लोकविश्वास यहाँ देखिन्छ । यहाँ खाजाको पोको खोल्दा निस्केका वन्यजन्तुको विषयले अलौकिक तत्त्वसम्बन्धी मान्यता पनि देखिन्छ । जादुजन्य वस्तुहरू शक्तिशाली हुने हुनाले यिनको प्रयोग कसैलाई मार्न वा ब्युँत्याउनका लागि हुन्छ । डोको, कुचो, लौरो, चमार जस्ता वस्तुहरूलाई जादुका लागि प्रयोग गरिँदा यिनीहरू जादुका वस्तु हुन्छन् (पराजुली, २०७१, पृ. १७८) । यहाँ राक्षस्नीलाई दिएको खाजाको पोकोले यस्तै जादुमय वस्तुसम्बन्धी लोकविश्वासलाई जनाएको छ । यसका अतिरिक्त यहाँ मावलीले हेछाकुप्पालाई दिएको उस्तै खाजाको पोको बाटामा खोल्दा धनदौलत भइराखेको हुनुले पनि यही कुरालाई बुझाउँछ ।

माथि विश्लेषण गरिएकाबाहेक यस लोककथामा चराहरूको उत्पत्ति र बाँदरको कथा पनि रहेको छ । हेछाकुप्पालाई बाँदर्नीले सहयोग गरेपछि उसले परिवारको सदस्य बनाएर राखेको र त्यस दिनदेखि उसले बाँदरको सिकार नगरेको र त्यसपछि बाँदरको सिकार गर्न छोडिएको किराँती समाजमा परम्परित विश्वासका रूपमा रहिरहेको छ । यस कथामा सामाजिक कार्य गर्दा हुने शकुन र अपशकुनसम्बन्धी किराँती लोकसमाजमा पाइने विश्वासहरू पनि विचारका रूपमा आजसम्म प्रचलनमा रहेका पाइन्छन् । यसमा ससाना बच्चा र असहायलाई राक्षसले दुःख दिन्छ भन्ने समाजमा प्रचलनमा रहेको पात्रसम्बन्धी लोकमान्यता पनि पाइन्छ ।

## निष्कर्ष

*हेछाकुप्पा* लोककथामा किराँत धर्ममा आधारित लोकविश्वास र यसअनुसारका संस्कृतिजन्य गतिविधि तथा परम्परागत मान्यताहरू रहेको पाइन्छ । यस कथामा किराँती समाजमा आस्थाका रूपमा रहेका धार्मिक, सांस्कृतिक तथा सामाजिक जीवनका विश्वासहरू रहेका छन् । यस कथामा हेछाकुप्पाको मृत्युसंस्कारमार्फत मृत्युसंस्कारमा चिहानमा कर्द राखिदिने चलन र संस्कार गर्दा मुन्धुम गाउने चलन विश्वासका रूपमा रहेका छन् । किराँती समाजमा धार्मिक र तान्त्रिक दुवै तरिकाले नाक्छोङलाई असाधारण व्यक्तित्व भएको भूत र भविष्यद्रष्टा एवम् धर्मरक्षकका रूपमा मान्ने विश्वास समावेश भएको देखिन्छ । नाक्छोङ र उसको धार्मिक शक्तिमाथिको पकड जस्तो किराँती समाजको पात्रसम्बन्धी लोकविश्वास यहाँ अभिव्यक्त भएको छ । हेछाकुप्पा र रिनह्वाको विवाह र छोरो मरेको प्रसङ्गमार्फत किराँती समाजमा विवाह संस्कारमा रितपूर्वक गर्नुपर्ने र नभए विघ्न आइपर्ने, विवाह गर्दा मावलीलाई विशेष आदरका साथ सोध्नुपर्ने र चेलीहरूलाई पनि आदर र मान गर्नुपर्ने मान्यता अभिव्यक्त भएको छ । किराँती समाजमा रहेको जाँडरक्सीलाई प्रतिष्ठाको विषय मानेर र खाना र खाजाका रूपमा जाँडरक्सी खान दिनुपर्ने खाद्यसम्बन्धी मान्यता यहाँ अभिव्यक्त भएको छ । राक्षस्नी र उसले गरेका विविध क्रियाकलापका माध्यमबाट प्रकृतिमा तरुल जमिनमा भासिएको हो भन्ने विश्वास, गिठा र भ्याकुर तिता भएका, अन्डाबाट सुनकोशी नदी बनेको जस्ता पात्रीय विश्वासहरू अभिव्यक्त भएका छन् । यहाँ जादुमय वस्तुसम्बन्धी लोकविश्वास पनि अभिव्यक्त भएका छन् । किराँती समाजका मृत्युसंस्कार, विवाहको परम्परा, नाक्छोङको धार्मिक र सामाजिक योगदान, हरेक समस्याको समाधान तथा धार्मिक र अन्य कार्यमा मुन्धुमको महफ्व र भूमिका, विभिन्न वनस्पत्तिको उत्पत्ति र स्वाद, पशुपक्षी, नदी, राक्षस आदिको उत्पत्ति, गतिविधि र अन्त्यसम्बन्धी लोकविश्वास यस लोककथामा कथावस्तु, पात्र र विचारका माध्यमबाट प्रस्तुत गरिएको छ । अतः किराँती समाजमा प्रचलनमा रहेका दर्जनौं लोकविश्वास वस्तु, पात्र र विचारका

रूपमा समाविष्ट भएको यो लोककथा किराँती लोकआस्था र परम्परित मान्यताको अभिव्यक्तिका दृष्टिले सबल र सशक्त देखा पर्छ ।

**सन्दर्भ सामग्रीसूची**


ओझा, बाबुराम (२०७६). किराँती समाजमा प्रचलित लोककथामा अभिव्यक्त लोकविश्वास. *प्राज्ञिक विमर्श* (वर्ष-१, अङ्क -२). पृ. ९८-१०८ ।

उपाध्याय, कृष्णदेव (१९९१). *भारतीय लोक-विश्वास.* सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

कटवाल, हरिकुमार के.सी.(२०७७). *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा लोकविश्वास* ( अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध). त्रि.वि. नेपाली केन्द्रीय विभाग ।

चामलिङ, भोगीराज (२०७७). *किराँती लोकसाहित्य भाग -१.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

ढकाल, विप्लव र अन्य (२०७४). *प्रज्ञा नेपाली मिथक कोश.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

पन्त, साधना 'प्रतीक्षा' (२०७९). नेपाली लोककथामा लोकविश्वास. *प्रज्ञा* (अङ्क-२, पूर्णाङ्क-१२४). पृ. १७१ - १८२ ।

पराजुली, मोतीलाल (२०७१). *नेपाली लोककथा : सिद्धान्त र विश्लेषण.* विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

पौड्याल, षडानन्द (२०७८). *नेपाली लोकविश्वास.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

बन्धु, चूडामणि (२०५८). *नेपाली लोकसाहित्य.* एकता बुक्स ।

राई, भक्त (२०७५). किराँत राई जातिमा प्रचलित मदिरा परम्परा. *नेपाली लोकवार्ता* (अङक-५). भाग लोकवार्ता परिषद्. पृ. ४९८-५०६ ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६८). *लोकसाहित्य परिचय.* विद्यार्थी पुस्तक भण्डार ।

वर्तमान (२०५५). *किराँती लोककथा.* किराँत राई यायोक्खा. केन्द्रीय कार्य समिति ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६३). *लोकवार्ताविज्ञान र लोकसाहित्य.* विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, धनप्रसाद (सन् २०२२). खोटाङ जिल्लामा प्रचलित लोकसहित्य र तिनको सांस्कृतिक प्रभाव. *पाटन प्रज्ञा* (वर्ष-१०, अङ्क-१). पृ. २३६-२४७ ।

सुवेदी, हंसपुरे (२०५५). *नेपाली लोकजीवन : लोकविश्वास.* साझा प्रकाशन ।

सेन्दाङ, भुपालकुमार (२०८१). मुन्धुम र लिम्बू समुदायमा प्रचलित जन्म, विवाह र मृत्यु संस्कारहरू. *प्रणयन* (वर्ष-२५, अङ्क- २) पृ. ८४-१०२ ।


***स्रोतव्यक्ति***

स्व. बखतबहादुर राई (गिठ्ठे बिजुवा) (२०६०), भोजपुर नगरपालिका - ११ (साबिक आम्तेक - ५)

## परिशिष्ट

### *हेछाकुप्पा* लोककथाको पाठ

उहिल्यै पालेसुङको दुई जना श्रीमतीहरू थियो । कान्छी डिक्कोडिङ्माका तीनभाइ छोरा र दुई बहिनीहरूमध्ये कान्छो हेछाकुप्पा थियो । जेठीको सन्तान थेन । आफ्नी आमा बैलेमा मरेको र सौतेनी आमाले खाना नदिएर स्याहार नगरेकाले हेछाकुप्पाका दुई जना दाजु मरे र हेछाकुप्पालाई पनि सौतेनी आमाले खानेकुरा नलिएर शरीरमा हाड मात्र बाँकी रह्यो । बाउले थाहा पाएर रिसले मुस्लीले हिर्कायो र सौतेनी आमाको मृत्यु भयो । रिसको आवेगमा बाउ पातेसुङ पनि भिरबाट लडेर मरेपछि दुई दिदी र हेछाकुप्पा मात्र घरमा रहे । घरमा दिदीहरू र उनारको भाइ मात्र देखेर राक्षस्नी चाक्लुङधिमाले उनीहरूलाई पालैपालो खाने विचारले पहिले खेतबारीको अन्न खायो । त्यसपछि वनको फलफूल र कन्दमूल सबै खायो र तरुललाई पनि पातालमा भसाइदियो । त्यस बेलासम्म तरुल जमिनमै पाउँथ्यो । यसो भएपछि उनारले खाने गिठ्ठा र भ्याकुर पनि तितो बनाइदियो । उनारले अब सल्लाको महजस्तो खोटो खान थाले । राक्षस्नीले खोटो पनि खान नमिल्ने र तितो बनाइदियो । त्यसै बेलादेखि खोटो पनि खान नहुने भयो । भाइलाई बचाउन हम्मे पऱ्यो । एक दिन दिदीहरू भाइलाई बुचुकुलुक (पकाउने भाँडो) मा खानेकुरा पकाउन बसाएर खानेकुरा खोज्न हिँडे । 'पाकेपछि खानू' भनेको थे । हेछाकुप्पाले पाक्यो कि भनेर अँगेनाबाट बुचुकुलुक निकाल्दा लोहोरो देख्यो । त्यही बुचुकुलुकको पानीले पोलेर बेहोस भएको थियो । बेलुका दिदीहरू घरमा आए । दिदीहरूले एउटा केराबाहेक केही पाएनन् । घरमा भाइ मरेको देखे । दिदीबैनीले बिलौना गरे । उनीहरूले चिहान बनाएर चिहानमा लगेर भाइलाई केराले छोपिदिए । केरा र कर्दो राखिदिए र नेवालाकङ्कलातिर गए । त्यही बेलादेखि किराँतीको चिहानमा कर्दो राख्नु थालेको थेछ ।

बाटामा बहिनी खियामालाई होङ्ग्रायो चराले खाएछ । बैनी किन आउँदैन भनेर फर्केर खोज्नु जाँदा उसले सबैलाई सोध्दै गयो । बाटामा होङ्ग्रायो चरालाई देखेर आफ्नो बैनीको बारेमा सोधो । चराले मैलै देखेन भन्यो । चरा यसो हाँस्दा त उसको दाँतमा बैनीको कपाल अड्केको थेछ । यो देखेर तायामाले "मेरो बैनीलाई तैँले मारिछस् । हाडखोर कहाँ छ ?" भनेर सोधो । चरोले रुखको टोड्कामा देखायो । टोड्काबाट तायामाले बहिनीको सबै हाडखोरहरू भेला पारेर लग्यो । कङ्कला डाँडामा गएर हाडलाई तेलमा भिजायो र बाँसको ढुङ्ग्रोमा राख्यो । तायामाले मुन्धुम गाउँदै गाउँदै तान बुन्न थाल्यो । तायामाले बैनीको अनुहार बनाइसक्दा हङ्ग्रायो चराले खाएको बैनी बौरियो । त्यसपछि उनारले मुन्धुम गाइरहे । भाइको सम्झना नआओस् भनेर मुन्धुम गाउँदागाउँदै उनारु चरा बने । तायामा उडेर हिमालमा गएर युच्छुबुङ फूल बन्यो अनि बैनी गोआबुङ फूल बन्यो । दशैँछेका (असोजतिर) को लाम्कुचेङ्पा झरीको बेलामा खोलामा बाढी आउँछ । त्यही बेला युच्छुबुङ फूलको बिउ मधेसमा बैनी भेट्न जान्छ रे । त्यही बेला रावा र तावा खोलामा बर्खाको सकिँदो भेल बग्छ भन्छ । अहिले पनि किराँतीले बर्खा सकिने बेलाको झरीलाई लाम्कुचेङ्पा भन्ने गरेको छ ।

हेछाकुप्पा ब्युझँदा हेर्दा कोही देखेन, एउटा केरा र कर्दो (कर्द) मात्र देख्यो । भोक लागेको थियो । केरालाई रोपेर 'बोट होइजा' भनेर कर्दो देखायो । केराको बोट भयो । 'अब पसाइजा' भनेर कर्दो देखायो र केरा पसायो । उसले 'पाकि जा' नत्र काटिदिन्छु भनेर कर्दो देखाउँदा केरा पाक्यो । हेछाकुप्पाले अब त्यही केरा खाएर बाँच्न थाल्यो । तर राक्षस्नीले अनेक जाल गरो । केराको बोटको छेउमा गएर केरा मागो । हेछाकुप्पाले दिँदा उसलाई समातेर थुन्सेमा राखो । बाटामा पाइखाना जानलाई थुन्से बिसायो । हेछाकुप्पाले ढुङ्गो राखेर आफू फर्केर आयो । राक्षस्नीले घरमा पुगेर थुन्से बिसायो । खोलेर हेर्दा ढुङ्गो देखेर रिसायो । अर्को दिन 'भोकले मर्न आटेँ' भनेर उसले केरा मागो । हेछाकुप्पाले केरा भुइँमा फ्याँकिदियो । राक्षस्नीले 'हातमा देऊ अनि मात्र खान्छु' भनो । हेछाकुप्पाले 'हातले दिँदा लैजान्छेस्' भन्यो । राक्षस्नीले 'त्यसो भए खुट्टाले देऊ' भनो । उसले खुट्टाले दिँदा समातेर बाँधेर थुन्से नबिसाई घरमा लगो । छोरीलाई पकाइराख्न लगाएर मावली बोलाउन गयो । उता राक्षस्नीकी छोरीले हेछाकुप्पाको केश घुङ्ग्रिएको देखो र कसरी यस्तो बनाउने भनेर सोधो । हेछाकुप्पाले तेल उमालेर खन्याउनुपर्छ अनि मेरो जस्तो कपाल हुन्छ भन्यो । छोरीका कपालमा तेल खन्याउँदा छोरी मरो । हेछाकुप्पाले राक्षस्नीकी छोरीलाई पकायो र रगत डुँडमा राख्यो र माथि गएर बस्यो । राक्षस्नी र उसका माइती आए । रगत र मासु खाए । माइतीहरू गएपछि हेछाकुप्पाले 'छाकाचामा मान्काचामा रेत्का भे' (छोरीको मासु खाने, छोरीको मासु खाने) भनेर धुरीबाट करायो । राक्षस्नीले रिसाएर उसलाई मार्न खेदो । हेछाकुप्पाले बाँसको काइँयो छोड्यो र काइँयोका दाँतजस्तै बाँसको बाक्लो घना जङ्गल भयो । फेरि भेट्न खोज्दा कोदाको पिठो फ्याँक्यो । त्यो पिठो कुइरो भयो र अण्डा फुटाएर फ्याँकेको हुनाले सुनकोशी नदी बन्यो र राक्षस्नी नदीपारि भयो । त्यहाँ पनि हेछाकुप्पाले जिस्क्याइरह्यो । राक्षस्नी रिसको आवेगमा हेछाकुप्पालाई खान सुनकोशीमा हाम फालो र उसलाई सुनकोशी नदीले बगायो । त्यसै समयदेखि सुनकोशीको पूजा गर्ने चलन चलेको थेछ ।

अब हेछाकुप्पा आरामले रहन थाल्यो । एक दिन माछा मार्न जाँदा माछा परेन । एउटा चिल्लो ढुङ्गो मात्र जालमा परेकाले त्यसलाई ल्याएर भारमा राख्यो । त्यस दिनदेखि माछा र अरू सिकार पनि पर्न थाल्यो । भोलिदेखि घरमा आउँदा घरधन्दा सबै गरेको पायो । यो सबै कसले गऱ्यो भनेर बाँदर्नी बुढीले चियो गरेर भन्यो । भारमा राखेको ढुङ्गोले पो केटी भएर सबै काम गरेको थेछ । हेछाकुप्पा बाँदर्नीसँग खुसी भयो । भोलिपल्ट हेछाकुप्पाले केटी बनेको बेला समात्यो । उसले बाँदर्नीलाई पनि परिवारको सदस्यसरह राख्यो । त्यस बेलादेखि किराँतहरूले बाँदरको सिकार गर्न पनि छोडे, भन्छ । राम्रो केटी रिनाह्वा थ्यो । हेछाकुप्पा र रिनाह्वाको मन परेर बिहा भयो । उनीहरूको छोरो जन्म्यो । हेछाकुप्पाले घर बनाउने भयो । आफूले जग खन्यो र रिनाह्वालाई थाम काटेर ल्याउनु अह्रायो । 'कस्तो ल्याऊँ ?' भन्दा 'माछाको पुच्छर जस्तो ल्याउनू' भन्यो । रिनाह्वाले ल्याएको थाम गाड्न खोज्दा दुलोमा पसेन । के भो भनेर दुलोमा हेर्दा आफ्नै छोरो पसेर मरेको थेछ । यस्तो अपशकुन किन भयो भनेर नाक्छोङलाई सोध्यो । नाक्छोङले मुन्धुम पढेर रितले बिहा नगरी बच्चा जन्माएर यस्तो भएको भन्यो । अब के गर्ने ? भनेर मामासँग सोध्न भनेर भाले चढेर मावली गयो ।

मावलीमा हेछाकुप्पाले चाक्लुडधिमा राक्षस्नी मावलीमा नोकर बनेर बसेको देखेर 'यो राक्षस्नी हो' भनेर मामालाई भनो । मावलीले राक्षस्नीलाई खाजा दिएर बिदा गरे । बाटामा खाजाको पोको खोल्दा बाघ, भालु आदि बनेर राक्षस्नीलाई खाए । त्यसपछि पृथ्वीमा राक्षस मासियो, राक्षसका रूपमा जन्तु मात्र बाँकी रहे । राक्षस्नीको रगतबाट भुसुना, किरा, लामखुट्टे बने र त्यसपछि यिनले मानिसको रगत खान थाले ।

हेछाकुप्पाले मामालाई आफ्ना कुरा सबै फलाफली कह्यो । घर बनाउने थाम हाल्ने दुलोमा छोरो पसेर मरेको थेछ भन्यो । मामाले 'रित नपुऱ्याई विवाह गरेछौ भान्जा । त्यसैले यस्तो अपशकुन भयो' भने । मामाको कुरा उसलाई चित्त बुझ्यो । नाक्छोडले पनि त्यही कुरो भनेको थियो । कुराले भेट खायो । हेछाकुप्पा र रिनाह्वाले रितपूर्वक फेरि बिहा गरे । किराँती समाजमा जसरी लगे पनि रितभात गरेर विवाह गरेपछि सबै सबै कुराको हक हुने चलन त्यसै बेलादेखि चलेको भनेर बुढापाकाले कथा गरेको छ । हेछाकुप्पाले आफ्नो बिहेमा दिदीहरू तायामा र खियामालाई खोज्न भनेर भालेलाई पठायो । भालेले नेवाला डाँडामा गएर बोलायो । भोटमा चरा बनेको तायामाले सुन्यो । मधेसमा चरा बनेको खियामाले पनि सुन्यो । चरा बनेको दिदीहरू भालेसँगै आए । चरा बनेको हुनाले घरमा पस्न मानेनन् । हेछाकुप्पाले उनीहरूलाई राम्रो गुँड बनाइदियो । दिदीहरू त्यहीँ बसे । त्यसै बेलादेखि बिहेमा चेलीहरूलाई मान गर्न थालेको हो भनेर बाउबाजेले कथा गरेको सुनेको हो ।

अनि हेछाकुप्पा र रिनाह्वाको रित गरिवरी बिहा भयो । पाहुनाहरूले अघाइन्जेल जाँडरक्सी, मासु र अरू परिकार खाए र हेछाकुप्पा र रिनाह्वा जोइपोइलाई राम्रो आसिक दिए । त्यसपछि रिनाह्वाले घरमा घ्याम्पोमा भरी जाँड बनाएर राख्थ्यो । हेछाकुप्पा सिकारमा जान्थ्यो । घरमा आएको पाहुनापाछालाई जाँड र सिकार दिन्थ्यो । बिहेपछि लामो समयसम्म हेछाकुप्पा र रिनाह्वाले पृथ्वीमा राज गऱ्यो ।

*(स्रोतव्यक्ति स्व. बखतबहादुर राई (गिठ्ठे बिजुवा), भोजपुर, आम्तेक-५ (निजसँग मुन्धुमको ज्ञान र तान्त्रिक शक्ति पनि रहेको थियो) बाट यो लोककथा निजको जीवनकालमै वि.सं. २०६० सालमा सङ्कलन गरिएको हो । वर्तमान (२०५५) को पुस्तकमा यो लोककथा पनि रहेको छ तर वर्तमानद्वारा सङ्कलित उक्त कथा स्व. राईबाट सङ्कलित यस लोककथाभन्दा भाषिक प्रयोग र शैलीका दृष्टिले फरक रहेको छ ।)*